# क्षतिपूर्ति नियमहरु, २०२०

नेपाल राजपत्रमा प्रकाशित मिति

२०२०।४।१४

संशोधन

क्षतिपूर्ति (पहिलो संशोधन) नियमहरु, २०७० २०७०।१।३०

क्षतिपूर्ति ऐन,२०१९ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले नेपाल राष्ट्र बैङ्कको राय लिई देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "क्षतिपूर्ति नियमहरु,२०२०" रहेको छ ।

(२) यी नियमहरु नेपाल राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछन् ।

२. परिभाषा : (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरुमा,-

(क) "ऐन" भन्नाले क्षतिपूर्ति ऐन,२०१९ सम्झनु पर्छ ।

(ख) "अधिकृत" भन्नाले स्टकको सम्बन्धमा कामकाज गर्ने नेपाल राष्ट्र बैङ्कका कर्मचारी सम्झनु पर्छ ।

(ग) "स्टकको मुख्य भाग" भन्नाले स्टकको क्रमसंख्या स्टकमा दस्तखत गर्ने अधिकृतको दस्तखत भएको हिस्सा वा स्टकमा उल्लेख भएको मूल्य वा व्याज भुक्तानी पाउनेको नाम लेखिएको वा नामसारी भएको कुराको उल्लेख भएको स्टकको भागहरु सम्झनु पर्छ,

(घ) "बिकृत स्टक" भन्नाले स्टकको मुख्य भाग वा भागहरु च्यातिई वा अन्य तरीकाबाट नष्ट भएको वा नोक्सान भएको स्टकलाई सम्झनु पर्छ ।

(ङ) "हराएको स्टक" भन्नाले धनीको कब्जामा नरहेको स्टक सम्झनु पर्छ ।

(च) "अस्पष्ट स्टक" भन्नाले स्टकको मुख्या भाग नबुझिने भएको स्टक सम्झनु पर्छ ।

(२) यी नियमहरुमा प्रयोग गरिएका (तर परिभाषा नगरिएका) शब्द तथा बाक्यांश को अर्थ ऐनमा दिए बमोजिम हुनेछ ।

३. स्टकको ढाँचा : स्टकको ढाँचा अनुसूची (क) बमोजिम हुनेछ ।

४. क्षतिपूर्तिको अङ्क निर्धारण गर्ने अधिकारी : ऐनको दफा ३ को उपदफा (१) अन्तर्गत प्राप्त गरिएको सम्पत्तिको क्षतिपूर्तिको अङ्क सम्बन्धित बिभागीय प्रमुखले निर्धारण गर्न सक्नेछ ।

५. खातामा नाम दर्ता गरेको निस्सा दिने : ऐनका दफा ८ को उपदफा (२) बमोजिम बैङ्कको खातामा नाम दर्ता गरी बैङ्कले धनीलाई अनुसूची (ख) बमोजिमको ढाँचाको निस्सा दिनु  पर्छ ।

६. स्टकको नामसारी : (१) कुनै स्टक पूरा वा आंशिक रुपमा नामसारी गर्नु पर्दा नामसारी गर्नेले बैङ्कमा ने.रु. १।- एक फीस बुझाउनु पर्छ ।

(२) कुनै स्टक आंशिक रुपमा नामसारी भएमा सम्बन्धित धनीले आफ्नो आफ्नो रकमको नयाँ स्टक लिनु पर्दछ ।

(३) कुनै स्टक नामसारी भएमा सम्बन्धित धनीको नाम सो स्टक सम्बन्धी बैङ्कको खातामा दर्ता नभएसम्म नामसारी भएकको सम्झिने छैन ।

७. स्टकको साँवा भुक्तानी दिने तरीका : (१) स्टकमा उल्लेख भए बमोजिमको साँवा पाउने अवधि पूरा भएपछि धनीले सो स्टकको पीठमा दस्तखत गरी सो स्टक निजले वा निजले इच्छाएको व्यक्तिले बैङ्कमा प्रस्तुत  गर्नुपर्छ ।

(२) उपनियम (१) बमोजिम प्रस्तुत भएको स्टकमा उल्लेख भएको साँवा बैङ्कले तुरुन्त दिनुपर्छ ।

८. स्टकको व्याज भुक्तानी दिने तरीका : (१) स्टकमा उल्लेख भए बमोजिमको व्याज पाउने मिति छ छ महिना गरी प्रत्येक वर्षको कार्तिक र बैशाख १ गते हुनेछ ।

(२) उपदफा (१) बमोजिमको व्याजको भुक्तानी धनी वा निजले इच्छाएको व्यक्तिको नाम र ठेगानामा बैङ्कले भुक्तानी पूर्जी पठाउने तरीका अनुसार दिइनेछ । तर सो भुक्तानी पूर्जीमा रजिष्टरी खर्च लाग्ने भए पाउने व्याजको रकमबाट कट्टा हुनेछ ।

९. स्टकको प्रतिलिपि दिने : (१) हराएको, चोरिएको, अस्पष्ट वा विकृत स्टकको सम्बन्धमा त्यसको धनीले प्रमाण सहित बैङ्कमा लिखित आवेदन गरेमा र सो कुरा बैङ्कलाई चित्त बुझेमा ने.रु. १।- एक लिई सो आवेदकलाई सो स्टकको प्रतिलिपि दिन सक्नेछ ।

(२) उपनियम (१) मा जेसुकै लेखिएको भए तापनि कुनै स्टक चोरिएको वा हराएको भनी आवेदन पर्न आएमा सो कुराको सूचना स्थानीय पत्र-पत्रिकामा घटीमा लगातार तीन पटक प्रकाशित गर्नु पर्छ र सो अन्तिम सूचना प्रकाशित भएको १८० दिन बितेर पनि कसैको प्रतिवाद पर्न नआएमा मात्र बैङ्कले सो स्टकको प्रतिलिपि दिन सक्नेछ । तर प्रतिवाद पर्न आएमा ऐनको दफा १३ बमोजिम हुनेछ ।

१०. स्टकलाई विभाजन वा एकीकरण गर्न परेमा : कुनै धनीले आफ्नो स्टकलाई विभाजन वा एकीकरण गर्न बैङ्कमा लिखित आवेदन गरेमा प्रत्येक नयाँ स्टकको लागि ने. रु. १ एक लिई बैङ्कले धनीलाई निजको स्टकको सट्टा अर्को स्टक दिन सक्नेछ ।

११. धनी लेखपढ गर्न नजान्ने भएमा : (१) माथि जेसुकै लेखिएको भए तापनि धनी लेखपढ गर्न नजान्ने भएमा स्टकको सम्बन्धमा कुनै कारवाई गर्नुपर्ने भएमा निजले बैङ्कको खातामा र स्टकको पीठमा समेत ल्याप्चे सही गर्नुपर्छ ।

(२) उपनियम (१) बमोजिम भएको ल्याप्चे सहीको समर्थन स्वरुप ■गाउँ विकास समिति वा नगरपालिकाका एकजना सदस्य वा राजपत्राङ्कित दर्जाका कुनै सरकारी कर्मचारी वा बैङ्कको कुनै कर्मचारीको सही भएको हुनु पर्छ ।

■ पहिलो संशोधनद्वारा संशोधित ।

१२. धनीको मृत्यु भएमा : (१) कुनै स्टकको धनीको मृत्यु भएमा निजको इच्छापत्र बमोजिमको व्यक्ति धनी मानिनेछ । तर इच्छापत्र नभएमा प्रचलित नेपाल कानून बमोजिम मृत व्यक्तिको हकवाला त्यस स्टकको धनी हुनेछ ।

(२) कुनै स्टक दुई वा दुईभन्दा बढी व्यक्तिहरुले संयुक्त रुपले प्राप्त गरिराखेका भए र तिनीहरुमध्ये कसैको वा जम्मैको मृत्यु भएमा मृतकको हिस्सामा आउने सो स्टकको साँवा व्याजको अधिकार मृत व्यक्तिको इच्छापत्र भए सो बमोजिम र नभएमा प्रचलित नेपाल कानून बमोजिम मृत व्यक्तिको हकवाला त्यस स्टकको धनी हुनेछ ।

१३. स्टकको भुक्तानी नलिएमा गर्ने : (१) स्टकको साँवा व्याजको भुक्तानी मिति गुज्रेको १८० दिन बितेर पनि साँवा व्याजको भुक्तानी नलिएमा बैङ्कले सम्बन्धित प्रमुख जिल्ला अधिकारी, गाउँ विकास समिति वा नगरपालिकालाई सो स्टकको धनीको जाँचबुझ र मनोनयन गर्न अनुरोध गर्न सक्नेछ । र सो बमोजिम गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

(२) उपनियम (१) बमोजिम धनीको मनोनयन गर्दा सम्बन्धित व्यक्तिले सम्बन्धित धनी वा साक्षीहरुको बयान लिन र शपथ ग्रहण समेत गराउन सक्नेछ ।

(३) उपनियम (२) अन्तर्गत मनोनीत धनीको नाम बैङ्कले स्थानीय पत्र-पत्रिकामा घटीमा लगातार तीन पटकसम्म प्रकाशित गर्नु पर्छ र अन्तिम सूचना प्रकाशित भएको १८० दिन वितेर पनि कसैको प्रतिवाद पर्न नआएमा बैङ्कले सो मनोनीत व्यक्तिलाई धनी मान्नु पर्छ । तर प्रतिवाद पर्न आएमा ऐनको दफा १३ बमोजिम हुनेछ ।

१४. स्टकको धनी नाबालक वा बहुलाएको भएमा : (१) कुनै स्टकको धनी नाबालक वा बहुलाएको छ भनी बैङ्कलाई थाहा हुन आएमा सो कुराको जाँचबुझ बैङ्कले गर्न सक्नेछ र सो कुरा प्रमाणित हुन आएमा त्यस्तो स्टकको धनीको संरक्षक मनोनीत गर्नलाई बैङ्कले सम्बन्धित प्रमुख जिल्ला अधिकारी, गाउँ विकास समिति वा नगरपालिकालाई अनुरोध गर्न सक्नेछ र सो बमोजिम गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

(२) उपनियम (१) मा जेसुकै लेखिएको भए तापनि उक्त उपनियम अन्तर्गत मनोनीत संरक्षकबाट संरक्षितको हकमा कुनै किसिमको बाधा पर्ने भएमा सो संरक्षकलाई बैङ्कले मान्यता दिन कर लाग्ने छैन ।

नेपाल कानून आयोग

द्रष्टव्य: १. केही नेपाल कानून ( संशोधन) ऐन,२०२४ द्वारा रुपान्तर भएका शब्दहरु:
"गजेट", "अफिसर", "अफिस" र "गजेटेड" को सट्टा "राजपत्र", "अधिकृत", "कार्यालय" र "राजपत्राङ्कित" ।

२. स्थानीय प्रशासन ऐन,२०२२ द्वारा रुपान्तर भएका शब्दहरु:
"बडाहाकिम वा मेजिष्ट्रट" को सट्टा "अञ्चलाधीश" ।

३. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

४. पहिलो संशोधनद्वारा रुपान्तर भएका शब्दहरु :
"अञ्चलाधीश वा पञ्चायत" को सट्टा "प्रमुख जिल्ला अधिकारी, गाउँ विकास समिति वा नगरपालिका"

अनुसूची (क)

(नियम ३ सँग सम्बन्धित)

क्रमसंख्या ...............................

नेपाल सरकारको

क्षतिपूर्ति स्टक

..........................प्रतिशत व्याज पाउने

जम्मा ने.रु.................................अक्षरेपी.................................

दर्ता नं....................................दर्ता भएको कार्यालयको नाम..........................

............................ को नाति........................को छोरा.....................

ठेगाना .............. वि.सं................ साल साँवा भुक्तानी दिने र वि.सं. .................... सालदेखि वि.सं.......................... सालसम्म वार्षिक....................प्रतिशतका दरले पाकेको अर्धवार्षिक व्याजको भुक्तानी ६।६ महिनामा प्रत्येक कार्तिक १ गते तथा बैंशाख १ गतेमा नेपाल सरकारको बैङ्कको हैसियतले नेपाल राष्ट्र बैङ्कले दिइने गरी क्षतिपूर्ति ऐन, २०१९ बमोजिम उठाइएको ऋणमध्ये ने. रु. ............... अक्षरेपी .......................ऋणको दर्तावाल धनी हुनुहुन्छ भनी प्रमाणित गर्दछु ।

मुख्य अधिकृत — गभर्नर

राष्ट्र ऋण विभाग — नेपाल राष्ट्र बैङ्क

मितिः-

भुक्तानी दिने कार्यालयको नाम

| | | | |
|---|---|---|---|
| ब्याज पाउने र मिति | स्थान | म/हामीहरु............................यस स्टकको साँवा र ब्याजसमेत जम्मै वा मध्ये ने.रु. ................ राजी खुशीले बिक्री/ दान गरी यो नामसारी गरी दिएको छु/छौं। | ठेगाना<br>साविक धनी<br>नयाँ धनी |
| मिति | भुक्तानी पूर्जी नं. | नयाँ धनी साविक धनी | |
| | | माथि लेखिए बमोजिमको नामसारी भएको व्यहोरा यस बैङ्कको नं. खातामा ................... कार्यालयमा ब्याज साँवा प्राप्त हुने गरी नामसारी गरियो।<br>नेपाल राष्ट्र बैङ्कका तर्फबाट<br>माथि लेखिए बमोजिमको नामसारी मेरो सामुन्ने भएको ठीक साँचो हो भनी यस कामको साक्षी भै<br>दस्तखत गर्ने..............................................<br>दस्तखत....................................................<br>काम....................................................<br>ठेगाना..................................................<br>यस नं. ........................ स्टकको धनी म/हामी ............ जम्मा ने.रु. ................... नेपाल राष्ट्र बैङ्कबाट बुझिलिई त्यसको रसीद भरपाई गरिदियौं।<br>इति सम्बत् गते रोज शुभम् दस्तखत | |

नेपाल कानून आयोग

अनुसूची (ख)

(नियम ५ सँग सम्बन्धित)

<u>प्रमाणपत्र</u>

क्रमसंख्या..............................ने. रु. ............................... अक्षरेपी ...........
.............................

नेपाल सरकारको क्षतिपूर्ति स्टक..............

.....................................................को धनी श्री /श्रीमती................................... बाट ............................................... कार्यालयबाट भएको साँवा । व्याज प्राप्त हुने गरी यस बैङ्कको .................. खातामा दर्ता भएको स्टक एक बुझिलिई त्यसको प्रमाणपत्र दिइएको छ ।

..................................

मिति................. नेपाल राष्ट्र बैङ्कका तर्फबाट

नेपाल कानून आयोग